# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १७५ | काठमाडौं | बिहीबार, २९ असोज २०८३ | Prabhab National Daily | Thursday, 15 October 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# विपद्मा बेपत्ताहरूको मृत्यु घोषणा सहज

- विपद्मा बेपत्ता भएकाहरूको मृत्यु घोषणा गर्न अब अदालत धाउनु नपर्ने
- प्राधिकरणमा सूची पेस भएपछि राष्ट्रिय दैनिकमा सातदिने सूचना प्रकाशन गरिने
- कुनै दाबी वा विरोध नआए प्राधिकरणको सिफारिसमा मृत्यु घोषणा गर्न सकिने
- मृत घोषित व्यक्ति जीवित फर्किए सरकारले जाँचबुझ गरी घोषणा बदर गर्न सक्ने
- भोटेकोशी, बूढीगण्डकी लगायत विपद्का बेपत्ताको मृत्यु दर्ता प्रक्रिया सहज हुने


फाइल तस्बिर

■ जेबी योञ्जन

**काठमाडौं–** भोटेकोशी बाढीमा परी बेपत्ता भएकाहरूको मृत्युको न्यायिक घोषणा गर्न अब अदालत धाउनु नपर्ने भएको छ। सरकारले कानुनी प्रक्रिया सहज बनाउँदै बेपत्ताको मृत्यु घोषणा गर्ने प्रक्रियालाई सहज बनाएको हो।

सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलबाट मंगलबार जारी 'विपद्सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ ले यस्तो व्यवस्था गरेको हो। अध्यादेशले विपद्मा बेपत्ता भएकाहरूको मृत्यु घोषणा र घटना दर्ता प्रक्रियालाई सहज बनाएको कानुन मन्त्रालयका प्रवक्ता दलबहादुर अधिकारीले बताए।

'विपद्मा परी बेपत्ता भएकाहरूको मृत्युको न्यायिक घोषणा गर्न विगतमा झण्झटिलो कानुनी व्यवस्था थियो तर अहिले अध्यादेशमार्फत संशोधन गरी सहज बनाइएको छ,' उनले प्रभावसँग भने। यसअघि लामो समयदेखि बेपत्ता भएका व्यक्तिको मृत्युको न्यायिक घोषणा गराउन अदालत जानुपर्ने व्यवस्था थियो। यसका लागि समय, खर्च र कानुनी प्रक्रिया पूरा गर्नुपर्ने अवस्था थियो। त्यसले राहत, बिमा, पेन्सन र सम्पत्ति नामसारीजस्ता काममासमेत समस्या निम्त्याउने गरेको थियो।

नयाँ व्यवस्थाअनुसार बेपत्ता व्यक्तिका परिवारले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा सूची पेस गर्नुपर्ने छ। त्यसपछि बेपत्ता व्यक्ति जीवित रहेको वा फेला परेको भए दाबी गर्न राष्ट्रियस्तरको दैनिक पत्रिकामा सात दिने सूचना प्रकाशन गरिने छ। सूचनाको अवधिमा कुनै दाबी वा विरोध नआएमा प्राधिकरणको कार्यकारी समितिको सिफारिसमा सरकारले मृत्यु घोषणा गर्न सक्ने छ। यसका लागि अदालतबाट छुट्टै न्यायिक घोषणा गराइरहनुपर्ने छैन।

विशेषगरी भोटेकोशी नदीको बाढीमा परी बेपत्ता भएकाहरूको मृत्यु घोषणा प्रक्रिया सहज बनाउन अध्यादेशमा यस्तो व्यवस्था गरिएको हो।

मुलुकी देवानी संहिता, २०७४ को दफा ४० र ४१ मा मृत्युको न्यायिक घोषणासम्बन्धी व्यवस्था छ। यसअनुसार कुनै व्यक्ति विनासूचना लगातार १२ वर्षसम्म बेपत्ता भएमा, ८० वर्ष उमेर पूरा भएको व्यक्ति पाँच वर्षदेखि नभेटिएमा, युद्ध समाप्त भएपछि चार वर्षसम्म बेपत्ता भएको सैनिक नफर्केमा, वायुयान (हवाई जहाज) वा अन्य यातायातको दुर्घटनामा परेको तीन वर्षसम्म पनि नभेटिएमा सरोकारवालाले आधार र कारण खुलाएर अदालतमा निवेदन दिएपछि न्यायिक घोषणा हुनसक्ने व्यवस्था थियो।

नयाँ अध्यादेशले विपद्का कारण बेपत्ता भएकाहरूको हकमा छुट्टै प्रक्रिया अघि बढाएको छ। अध्यादेशले मृत घोषित व्यक्ति जीवितै फर्किएमा मृत्यु घोषणा बदर गर्न सकिने व्यवस्था पनि गरेको छ। सम्बन्धित व्यक्ति वा उसको परिवारका सदस्यले निवेदन दिएपछि सरकारले जाँचबुझ गरी घोषणा बदर गर्न सक्ने छ।

तर, यसरी मृत्यु घोषणा बदर भए पनि सम्बन्धित व्यक्तिको कानुनी अधिकार र परिवारले पाइसकेको राहत तथा क्षतिपूर्तिमा प्रतिकूल असर नपर्ने व्यवस्था गरिएको छ।

क्रमशः पृष्ठ २ मा

प्रस्तावित राजदूतमाथिको सुनुवाइ

# साउदी र मलेसियाका राजदूत अस्वीकृत

## १० देशका लागि अनुमोदन, जापानको निर्णय 'होल्ड'

- साउदी अरबका लागि प्रस्तावित राजदूत गिरीबहादुर सुनारमाथि महिला घरेलु हिंसादेखि डिपोर्टसम्म विषयमा गम्भीर आरोप
- मलेसियाका लागि प्रस्तावित राजदूत चुडामणि खरेलमाथि म्यानपावरसँग साँठगाँठ, आर्थिक अनियममितताालगायतको आरोप
- जापानका लागि प्रस्तावित राजदूत जिज्ञानकुमार थापाबारेको निर्णय दसैंपछिमात्र


चुडामणि खरेल


गिरीबहादुर सुनार

■ प्रभाव संवाददाता

**काठमाडौं–** साउदी अरब र मलेसियाका लागि प्रस्तावित राजदूतद्वयको नाम संसदीय सुनुवाइ समितिबाट अस्वीकृत गरिएको छ। बुधबार समितिमा भएको छलफलपछि साउदीका लागि प्रस्तावित राजदूत गिरीबहादुर सुनार र मलेसियाका लागि प्रतावित राजदूत चुडामणि खरेलको नाम अस्वीकृत गरिएको हो।

समितिमा प्रस्तावित राजदूत सुनारमाथि नैतिक आचरणका साथै जर्मनीबाट डिपोर्ट गरिएकोलगायतका विभिन्न विषयमा प्रश्न उठेपछि उनको नाम बैठकले अस्वीकृत गरेको हो।

सुनुवाइपछि सभापति बोधनारायण श्रेष्ठले गिरीको नाम अस्वीकृत भएको घोषणा गरेका हुन्। 'नेपाली राजदूत पदमा नियुक्तिका लागि साउदी अरब अधिराज्यका लागि प्रस्तावित श्री गिरीबहादुर सुनार बागलुङको नाम संघीय संसद्को संयुक्त बैठकबाट सर्वसम्मत अस्वीकृत भएको घोषणा गर्दछु,' सभापति श्रेष्ठले भने। मन्त्रिपरिषद्ले सुनारसहित १३ देशका लागि नयाँ राजदूत नियुक्त गर्न असोज २ गते सिफारिस गरेको थियो।

### १० देशका राजदूतको नाम अनुमोदन

संसदीय सुनुवाइ समितिले विभिन्न १० देशका लागि प्रस्तावित राजदूतहरूको नाम सर्वसम्मतरूपमा अनुमोदन गरेको छ। समितिले भारतमा डा. निश्चलनाथ पाण्डे, चीनमा डा. कल्याणराज शर्मा, अमेरिकामा चिरनजंग थापा, बेलायतमा गौरवशमशेर जबरा, जर्मनीमा सरु जोशी, इजरायलमा सुरेशकुमार कर्ण, ओमानमा पद्माक्षी राणा, दक्षिण कोरियामा प्रा.डा. संगम श्रेष्ठ, स्पेनमा प्राप्ती शेरचन र श्रीलंकामा डा. मञ्चलाकुमारी झालाई नियुक्त गर्न सरकारले गरेको सिफारिस सर्वसम्मतरूपमा अनुमोदन गरेको हो।

### सुनारमाथि आरोपैआरोप

सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद मधुकुमार चौलागाईंले साउदी अरबका लागि प्रस्तावित राजदूत सुनारमाथि विभिन्न प्रश्न उठाए। चौलागाईंले सुनारमाथि महिलामाथि घरेलु हिंसादेखि डिपोर्टसम्म भएका विषयमा प्रश्न गरेका थिए।

'उक्त मुद्दामा ललितपुर प्रहरीसम्म गएर मिलापत्र पनि गरेको, फौजदारी अभियोगमा मिलापत्र पनि गरेको भन्ने आरोप छ। तपाईं दलित अभियन्ताको रूपमा काम गर्दा करोडौं रूपैयाँ असुल गर्नुभयो। नेपाल प्रहरीको डिआइजीबाट कसैलाई एआइजीमा बढुवा गर्दिन्छौं भनेर पैसा असुल गर्नुभयो, कसैलाई सांसद पद मिलाइदिन्छु भनेर समेत रकम असुलीको आरोप छ,' चौलागाईंले प्रश्न गरे।

यस्तै, सुनार जर्मनबाट डिपोर्ट गरेर पठाएको गम्भीर आरोपसमेत रहेको बताए। सुनारले भने आफू महिला हिंसाविरुद्ध जनचेतना फैलाउने एउटा अभियन्ता भएको उल्लेख गर्दै यी आरोपहरूको खण्डन गरेका थिए।

### म्यानपावरसँगको साँठगाँठले खरेलको नाम अस्वीकृत

मलेसियाका लागि सरकारले चुडामणि खरेलको नाम सिफारिस गरेको थियो। म्यानपावर व्यवसायीसँग साँठगाँठ रहेको, स्वार्थको द्वन्द्व, आर्थिक अनियमितता गरेकोलगायत उजुरीका कारण उनको नाम संसदीय सुनुवाइ समितिबाट अस्वीकृत भएका समिति सभापति श्रेष्ठले बताए। खरेलमाथि योग्यतासम्बन्धी प्रश्नसमेत उठेको थियो। खरेलले भने आफूलाई लागेको आरोपको खण्डन गरेका थिए। 'गाडी प्रयोग गरेको भन्ने विषय गलत हो।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# सीप मेलाबाट रोजगारीमा जोडिए करिब एक हजार युवा

- इटहरीमा सञ्चालित सीप तथा रोजगार मेलामा ४० हजार ९२६ जना सहभागी भएकामा करिब एक हजार जना रोजगारीमा जोडिएको मन्त्रालयको दाबी
- मेलामा सहभागी प्रत्येक १०० जनामध्ये दुई जनाले पाए रोजगारी
- वैदेशिक रोजगारलाई बाध्यताबाट विकल्प बनाउने सरकारको योजना



■ प्रभाव संवाददाता

**काठमाडौं–** मुलुकको बेरोजगारी न्यूनीकरण गर्न युवा, श्रम तथा रोजगार मन्त्रालयले सञ्चालन गरेको सीप तथा रोजगार मेलाबाट करिब एक हजार युवाले रोजगारी पाएका छन्। यही असोज १४ देखि २० गतेसम्म कोशी प्रदेशको इटहरीमा सञ्चालन गरिएको मेलाबाट उक्त संख्यामा युवाले रोजगारी पाएको मन्त्रालयले जनाएको छ।

स्वदेशमै रोजगारीको अवसर सिर्जना गर्ने र युवालाई सीप अनुसारको रोजगारी दिने उद्देश्यले मेला आयोजना गरेको हो। तर कोशी प्रदेशको इटहरीमा आयोजित पहिलो मेलाले यस्ता कार्यक्रमबाट मात्र बेरोजगारी समस्या समाधान गर्न कठिन रहेको देखाएको छ। मन्त्रालयका अनुसार मेलामा ४० हजार ९२६ जनाले सहभागिता जनाएका थिए भने ७३७ जनालाई त्यहींबाट रोजगारीमा जोडिएका थिए। अर्थात् मेलामा सहभागी प्रत्येक १०० जनामध्ये दुई जनाले रोजगारी पाएका छन्।

सहभागी भएकामध्ये धेरैलाई प्रारम्भिक छनोट गरी सीप परीक्षण अन्तरवार्ताका लागि सिफारिस गरिएको मन्त्रालयले जनाइएको छ। औपचारिकरूपमा मेला सकिए पनि अझै रोजगारीको खोजी गर्दै आउनेहरूलाई रोजगारदातासँग जोड्ने काम भइरहेकाले वास्तविक रोजगार पाउनेको संख्या बढ्ने मन्त्रालयका सूचना अधिकारी जगदीश पराजुलीले बताए।

'मन्त्रालयले जनशक्ति व्यवस्थापन गरेर अझै पनि झापा र विराटनगरका रोजगार कार्यालयबाट निरन्तर काम गरिरहेको छ। रोजगारीका लागि आवेदन दिनेहरूलाई रोजगारदातासँग जोड्ने काम गरिरहेका छौं,' उनले भने, 'हाल अनुमानित एक हजार जना रोजगारीमा जोडिएको भन्ने छ। तर अन्तिम प्रतिवेदन आउँदा यो संख्या बढ्छ।'

लामो अवधिको तालिम लिन चाहनेहरूको भने सूची तयार भइरहेकाले उनीहरूलाई सिटिइभिटी, एनएभिटीलगायतसँग जोडिदिने जनाइएको छ। सरकारले रोजगार प्रवर्दन दशक २०८३/८४ देखि २० ९२/९३ अन्तर्गत देशभर रोजगारीका अवसर सिर्जना गरी स्वदेशमै रोजगारी विस्तार गर्ने लक्ष्य राखेको छ। कोशी प्रदेशबाट सुरु भएको मेला क्रमशः अन्य प्रदेशमा विस्तार गर्दै लगिने जनाइएको छ। सरकारले एक लाख युवालाई रोजगारी दिने लक्ष्य लिएको छ। तर पहिलो मेलाको अवस्था हेर्दा उपलब्धि हासिल गर्न थप योजना बनाउनपर्ने देखिएको छ।

इटहरीको मेलामा रोजगारदाता कम्पनी, तालिम प्रदायक तथा रोजगारी खोज्नेहरूलाई एकै ठाउँमा ल्याइएको थियो। रोजगारदातासँग प्रत्यक्ष अन्तर्वार्ता गराउनुका साथै सीपमूलक तालिम, करिअर परामर्श आदि प्रदान गरिएको थियो।

क्रमशः पृष्ठ २ मा

अन्तरप्रदेश मुख्यमन्त्री सम्मेलनको घोषणापत्र

# संघीयताको सफल कार्यान्वयनका लागि १४ बुँदे प्रस्ताव

■ प्रभाव संवाददाता




**काठमाडौं–** संघीयता कार्यान्वयन भएको दशक हुन लाग्दा पनि संविधानप्रदत्त अधिकार पूर्णरूपमा प्रयोग गर्न नपाएको गुनासो प्रदेश सरकारहरूको छ। खासगरी प्रदेशमा प्रहरी समयोजनदेखि वित्तीय स्रोतको बाँडफाँट र विकास आयोजनाको जिम्मेवारीसम्ममा समस्या रहेको बताइन्छ।

यही अवस्थालाई सम्बोधन गर्न कोशीको राजधानी विराटनगरबाट बुधबार सातवटै प्रदेशका मुख्यमन्त्रीहरूले संयुक्त घोषणापत्र जारी गर्दै १४ वटा काम गर्नुपर्ने आवश्यकता औंल्याएका छन्। संघीय कानुन निर्माण तथा संशोधन, प्रशासनिक संघीयता कार्यान्वयन, प्रदेश प्रहरी व्यवस्थापन, संघीय संरचना र सम्पत्ति हस्तान्तरण, वित्तीय स्रोतको बाँडफाँट, अन्तरप्रदेशीय आयोजना, जग्गा प्राप्ति, वन क्षेत्रको उपयोग, शिक्षा तथा स्वास्थ्य व्यवस्थापनलगायत १४ कामका विषय समेटिएका छन्।

संविधानमा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको अधिकार र जिम्मेवारीबारे स्पष्ट गर्नुपर्नेमा पनि मुख्यमन्त्रीहरूले जोड दिएका छन्। प्रदेशको अधिकार क्षेत्रमा रहेका काम संघीय सरकारले पनि सञ्चालन गर्दा दोहोरोपन बढेको उनीहरूको निष्कर्ष छ। त्यसैले संविधानको मर्मअनुसार कानुन संशोधन, प्रशासनिक संरचनाको व्यवस्थापन र वित्तीय स्वायत्तता सुनिश्चित गर्नुपर्ने उनीहरूको माग छ।

### यी हुन् घोषणापत्रका १४ बुँदा

१. संघीय कानुन संशोधन
२. प्रशासनिक संघीयता कार्यान्वयन
३. प्रदेश प्रहरी व्यवस्थापन
४. संघीय संरचना हस्तान्तरण
५. वित्तीय स्वायत्तता समानीकरण अनुदान वृद्धि
६. अन्तरप्रदेशीय आयोजना प्रदेशको सहभागितामा सञ्चालन
७. आयोजना तथा बजेटको स्पष्ट बाँडफाँट
८. जग्गा प्राप्ति सहज बनाउनुपर्ने
९. वन क्षेत्रको उपयोग
१०. शैक्षिक संस्था व्यवस्थापन
११. स्वास्थ्य सेवा व्यवस्थापन
१२. उद्योग व्यवसाय दर्ता
१३. व्यापारिक नाकाको पूर्वाधार विकास
१४. विपद् जोखिम न्यूनीकरण

क्रमशः पृष्ठ २ मा

**पृष्ठ १ बाट क्रमशः**

## साउदी र मलेसियाका...

कुनै व्यवसायीसँग म सम्पर्कमा बसेको छैन,' खरेलले समितिमा भने ।

### श्रेष्ठको निर्णय 'होल्ड'मा

समितिले जापानका लागि प्रस्तावित राजदूत जिज्ञानकुमार थापाको नाम भने 'होल्ड'मा राखेको छ । प्रस्तावित राजदूत थापाबारे समितिले निर्णय गर्न नसकेको हो । थापा लामो समयदेखि जापानमा बसोबास गर्दै आएका र उनीसँग त्यहाँको स्थायी आवासीय अनुमतिपत्र (पिआर) समेत जोडिएको विषयमा उजुरी परेको छ ।

समितिले उनीमाथि गहिरो छानबिन गरेको थियो । सुनुवाइका क्रममा सांसदहरूले उनको योग्यता, नैतिकता र स्वार्थको द्वन्द्वमाथि प्रश्न उठाएका थिए । परिवारका सदस्यको विदेशी हैसियत र उतै रहेको सम्पत्तिका कारण कूटनीतिक मर्यादामा आँच आउन सक्ने समितिका सदस्यहरूले उठाएका थिए ।

थापाले भने जापानको स्थायी आवासीय अनुमति (पिआर) त्यागिसकेको प्रस्टीकरण दिए । सन् २००० मा जापान गएको उल्लेख गर्दै उनले त्यहाँ रहँदा नेपाललाई चिनाउन विभिन्न गतिविधि गरेको बताए ।

'देशकै लागि काम गर्न चाहेको र राजदूत बन्न आवेदन दिएको' बताउँदै थापाले नेपालका लागि योगदान गर्ने उद्देश्यले आफूले राजदूत बन्न चाहेको बताए । संसदीय समितिमा थापाको नाम निर्णायार्थ प्रस्तुत हुनसाथ सभापति श्रेष्ठले बैठक स्थगित गरेका थिए ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का सांसद वर्षमान पुनले पिआरलगायतका कारणले अस्वीकार गर्नुपर्ने धारणा राख्दा रास्वपाका मुख्य सचेतकसमेत रहेका कबिन्द्र बुर्लाकोटीले यो विषयमा पछि निर्णय गर्नुपर्ने अडान राखेका थिए । रास्वापका केही सांसदहरूले भने थापाको नाममा तत्काल निर्णय लिनुपर्ने धारणा राखेका थिए । बुर्लाकोटीले अडान कायमै राखेपछि श्रेष्ठले बैठक दसैंपछिसम्मका लागि स्थगित गरेका हुन् ।

■■■

## विपद्मा...

मृत घोषित व्यक्तिकी पत्नीले त्यसपछि अर्को विवाह गरिसकेको अवस्थामा भने पहिलो वैवाहिक सम्बन्ध पुनः स्थापित नहुने अध्यादेशमा उल्लेख छ ।

बेपत्ता व्यक्तिको परिवारमा घटना दर्ताका लागि सूचना दिने व्यक्ति नभए संरक्षक वा माथवरले प्रक्रिया अघि बढाउन सक्ने छन् । उनीहरू पनि नभएको अवस्थामा स्थानीय तहका प्रमुख, अध्यक्ष वा वडाध्यक्षले घटना दर्ता गराउन पाउने छन् । मृत्यु दर्ता प्रमाणपत्र स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट लिन सकिने छ । विदेशी नागरिकको हकमा भने सम्बन्धित मुलुकको कूटनीतिक नियोगको सिफारिस, राहदानी, भिसा वा पहिचान खुल्ने कागजातका आधारमा मृत्यु दर्ता गरिने व्यवस्था गरिएको छ ।

यही २० असोजमा प्रधानमन्त्री वालेन्द्र शाहले प्रमुख प्रतिपक्षी नेता भीष्मराज आङ्देम्बे र विभिन्न विषयगत मन्त्रालयका मन्त्रीसँग बाढीमा बेपत्ताहरूको मृत्यु घोषणालाई सहज बनाउनेगरी कानुन संशोधनबारे छलफल गरेका थिए । सोही छलफलपछि बसेको मन्त्रिपरिषद् बैठकले राष्ट्रपतिकहाँ केही नेपाल ऐन संशोधन अध्यादेश पठाउने निर्णय गरेर प्रमाणीकरण गर्न सिफारिस गरेका थियो । उक्त अध्यादेश जारी भएर राजपत्रमासमेत प्रकाशित भइसकेको छ । यससँगै भोटेकोशी, बूढीगण्डकी बाढीसँगै अन्य विभिन्न प्राकृतिक विपद्मा परी बेपत्ता भएकाहरूको मृत्यु घोषणा सहज भएको हो ।

■■■

## सीप मेलाबाट...

मेलामा एआई ट्रेनिङ, बारिस्टा, अचार बनाउने, एसी मर्मत, सिटी सफारी इभी मर्मत, कुक र वेटर, मेकअप तथा नेल आर्टस, आतिथ्य सत्कार, ग्राहक सेवा तथा सञ्चार कला, डिजिटल मार्केटिङ, आधार मूत लेखालगायतका १० वटा विधामा तालिम प्रदान गरिएको थियो । सो क्रममा रोजगारदाता र काम खोज्ने युवाबीच अनलाइनमार्फत सम्पर्क स्थापित गराउने प्रसाससमेत भएको जनाइएको छ ।

अन्तर्राष्ट्रिय श्रम संगठन आइएलओले गत फेब्रुवरीमा सार्वजनिक गरेको विवरणअनुसार नेपालमा युवा बेरोजगारी, अनौपचारिक रोजगारी, न्यून रोजगार, सीपको माग र आपूर्तिबीचको असन्तुलन श्रमबजारको मुख्य चुनौतीको रूपमा रहेको छ । यस्तो अवस्थामा रोजगार मेला आयोजना गर्नु सकारात्मक भए पनि त्यसबाट कति युवाले रोजगारी पाए भन्ने महत्त्वपूर्ण हुने सरोकारवाला बताउँछन् ।

पछिल्ला वर्षहरूको तथ्यांक हेर्दा मुलुकमा रोजगारी नपाएर तथा यहाँको रोजगारीले जीविकोपार्जन गर्न कठिन भएर प्रत्येक वर्ष करिब आठ लाख युवा विदेसिन थालेका छन् । गत आर्थिक वर्षको तथ्यांक अनुसार स्थानीय तहका रोजगार केन्द्रमा करिब साढे सात लाख बेरोजगार सूचीकृत भएका थिए ।

सरकारले वैदेशिक रोजगारलाई बाध्यताबाट विकल्प बनाउने बताउँदै आएको छ । मन्त्रालयले राष्ट्रिय रोजगार नीति-२०८३ को मस्यौदा तयार भइरहेकोसमेत जनाएको छ । वैदेशिक रोजगारीलाई वैकल्पिक बनाउन लागि उत्पादनमूलक क्षेत्रमा लगानी बढाउने, सीप विकासलाई उद्योगसँग जोड्नेलगायतका विषय महत्त्वपूर्ण हुने विज्ञले बताउँदै आएका छन् ।

■■■

## संघीयताको सफल...

मुख्यमन्त्रीहरूले संघ, प्रदेश र स्थानीय तहका एकल तथा साझा अधिकारको प्रयोगमा देखिएका अस्पष्टता हटाउनुपर्ने बताएका छन् । संविधानको धारा ५७ तथा अनुसूची ५ देखि ९ सम्मका व्यवस्थाअनुसार कार्य विस्तृतीकरण पुनरवलोकन गर्नुपर्ने माग गरिएको बागमतीका मुख्यमन्त्री किरण थापा मगरले बताए ।

उनले भने, '१४ वटा हामीले उठान गरेका विषय सम्बोधन भए संघीयताको सफल कार्यान्वयन हुन्छ, नभए कठिन हुन्छ ।' उनका अनुसार साझा अधिकारका विषयमा नीति निर्माण, नियमन, कार्यान्वयन र सेवा प्रवाहको जिम्मेवारी स्पष्ट हुनुपर्ने घोषणापत्रमा उल्लेख छ । प्रदेश तथा स्थानीय तहको अधिकारसँग बाझिने संघीय कानुन संशोधन गर्न र नयाँ कानुन बनाउँदा प्रदेश तथा स्थानीय सरकारको प्रतिनिधित्व सुनिश्चित गर्न पनि माग गरिएको छ ।

प्रशासनिक संघीयताको पूर्णकार्यान्वयनका लागि संघीय निजामती सेवा विधेयक शीघ्र पारित गर्नुपर्ने भनिएको छ । प्रदेशका प्रमुख सचिव, सचिव, प्रदेश न्यायाधिवक्ता र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतलगायत कर्मचारी व्यवस्थापनको अन्योल हटाउनुपर्ने औंल्याइएको छ ।

प्रदेश प्रहरी प्रशासनसम्बन्धी संवैधानिक अधिकार कार्यान्वयन गर्न आवश्यक कानुन र संरचना तयार गर्नुपर्ने सुझाइएको छ । प्रदेश प्रहरीको संगठन, जनशक्ति, भौतिक पूर्वाधार, सम्पत्ति र अभिलेख प्रदेशमा हस्तान्तरण गर्नुपर्ने उनीहरूको प्रस्ताव छ ।

यसबाहेक मुख्यमन्त्रीहरूले उठाएको अर्को प्रमुख विषय वित्तीय संघीयता हो । प्रदेशको खर्च आवश्यकता र राजस्व क्षमताअनुसार स्रोतको न्यायोचित बाँडफाँट हुनुपर्ने उनीहरूको माग छ । वित्तीय समानीकरण अनुदान कटौती नगरी पूर्णरूपमा हस्तान्तरण गर्न र प्रदेशको स्वायत्तता बढाउन समानीकरण अनुदानको हिस्सा वृद्धि गर्नुपर्ने प्रस्ताव गरिएको छ ।

त्यस्तै, प्रदेशको कार्यक्षेत्रमा पर्ने आयोजनामा संघबाट ससर्त अनुदानमार्फत हुने दोहोरो लगानी अन्त्य गर्नुपर्ने उनीहरूको माग छ । संघबाट प्रदेशमा हस्तान्तरण भएका तर बजेट अभावमा अधुरा रहेका आयोजना सम्पन्न गर्न आवश्यक स्रोत उपलब्ध गराउन पनि आग्रह गरिएको छ ।

जलविद्युत्, वन, खानी, नदीजन्य पदार्थ तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त राजस्व र रोयल्टीको बाँडफाँट न्यायोचित बनाउनुपर्ने भनिएको छ । कृषि आयकर प्रदेशले प्रभावकारीरूपमा संकलन गर्न पाउने व्यवस्था, ट्राफिक जरिवानाबाट प्राप्त राजस्व प्रदेश सञ्चित कोषमा दाखिला गर्ने प्रणाली र सवारीसाधनसम्बन्धी राजस्व व्यवस्थापनमा पनि सुधारको माग गरिएको छ ।

यस्तै, प्रदेश तथा स्थानीय तहको अधिकार क्षेत्रमा पर्ने काम गरिरहेका संघीय कार्यालय, आयोजना, बोर्ड, विकास समिति र अन्य संरचनाको पुनरवलोकन गर्नुपर्ने मुख्यमन्त्रीहरूको प्रस्ताव छ । आवश्यकताअनुसार त्यस्ता संरचना खारेज, समायोजन वा सम्बन्धित तहमा हस्तान्तरण गर्नुपर्ने उनीहरूको माग छ ।

अन्तरप्रदेशीय सडक, आर्थिक करिडोर, पर्यटन, कृषि, ऊर्जा, औद्योगिक पूर्वाधार र विपद् व्यवस्थापनसम्बन्धी आयोजना सातै प्रदेशको सहभागितामा विकास गर्नुपर्नेमा जोड दिइएको छ । प्रदेशको एकल अधिकार क्षेत्रमा पर्ने लगानीका क्षेत्रमा छ अर्ब रूपैयाँभन्दा माथिका परियोजनाको स्वीकृतिसमेत प्रदेशबाटै हुने व्यवस्था गर्न प्रस्ताव गरिएको छ । प्रदेशका प्राथमिकताका आयोजना निर्माण गर्न जग्गा प्राप्ति सहज बनाउन र वन क्षेत्रको उपयोगसम्बन्धी कानुन परिमार्जन गर्न पनि माग गरिएको छ ।

# रसुवाका बाढीप्रभावित ४१०८ परिवारलाई नगद सहायता

**काठमाडौं (प्रस)–** सरकारले भोटेकोशी बाढीबाट प्रभावित रसुवा, नुवाकोट र धादिङका चार हजार १०८ परिवारलाई प्रतिपरिवार ४५ हजार रूपैयाँका दरले नगद सहायता वितरण गरेको छ ।

विश्व खाद्य कार्यक्रम (डब्ल्युएफपी)ले उपलब्ध गराएको रकम दोहोरोपना हुन नदिनेगरी एकद्वार प्रणालीमार्फत वितरण गरिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ ।

कार्यालयका अनुसार स्थानीय तहसँगको समन्वयमा प्रभावित परिवारको पहिचान गरी रसुवाका पाँच, नुवाकोटका चार र धादिङका दुई गरी ११ स्थानीय तहका प्रभावित परिवारलाई सहायता उपलब्ध गराइएको हो ।

तथ्यांक प्रमाणीकरण हुन बाँकी रहेका करिब एक हजार ४०० परिवारलाई पनि तीन दिनभित्र रकम वितरण गरिसक्ने सरकारको तयारी छ । यही असोज २३ गते बसेको केन्द्र तथा तीनवटै जिल्लाका मनसुन प्रतिकार्य कमाण्ड पोस्टको संयुक्त बैठकले विपद् प्रभावित परिवारको पहिचान, प्रमाणीकरण र शीघ्र पुनर्लाभलाई व्यवस्थित गर्ने निर्णय गरेको थियो ।

रेडक्रससहित अन्य विकास साझेदारले पनि नगद सहायता उपलब्ध गराउन चाहेकाले 'विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१' अनुसार दोहोरो सहायता हुन नदिने र कुनै पनि प्रभावित परिवार नछुट्नेगरी सहयोग वितरण गर्न स्थानीय तह तथा सम्बन्धित निकायलाई निर्देशन दिइसकिएको कार्यालयले जनाएको छ ।

बाढीप्रभावितको दीर्घकालीन पुनःस्थापना तथा व्यवस्थापनका लागि पनि काम भइरहेको जनाइएको छ ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**
**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयको मिति २०७५/१२/२६ मा दर्ता भएको **प्रा. लि. नं. २१२७५०** को **कल फर वासिङ्ग प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०१/३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**हकदावी सम्बन्धी ३५ (पैतिस) दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०४/२९ मा दर्ता कायम भएको **स्यारोन कृषि फर्म प्रा.लि.(प्रा.लि.नं. २९६२९२/२०७९/०८०)** लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०६/२३ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवम् कोही कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा सप्रमाण सहित **हक दाबी** गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र लिक्वीडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ (लिक्विडेटर)**
**इजाजत प्रमाण पत्र नं.४०४, फोन नं.९८५१२१७००४**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**
**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयको मिति २०७३/०५/२९ मा दर्ता भएको **प्रा. लि. नं. १५५७७९** को **एन. एम. ल्याप्टप सोलुसन प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०१/३१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**
**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयको मिति २०६९/०७/२७ मा दर्ता भएको **प्रा. लि. नं. १०७२६३** को **आकामा ट्राभल्स प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०४/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**
**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयको मिति २०८१/०७/१४ मा दर्ता भएको **प्रा. लि. नं. ३५४६७९** को **वेस्टवोर्ल्ड टेक्नोलोजी प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०३/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मोटरसाइकल हराएको सूचना**

मिति २०८३/०६/१९ गते जि.भ.पु.सु.न.पा ८ सिपाडोल स्थित पार्किङ गरी राखिएको अवस्थामा ३५० सि.सि. बुलेट मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : हुलास फिनर्भस हायर पर्चेज लि.**
**ऋणीको नामः नर बहादुर खड्का**
**बाइक नं.: बा.प्र.-०२-०५८ प ६५८९**
**च्यासिस नं.: ME3J3C5FDSN000969**
**इन्जिन नं. : J3A5FDS2048750**
**ठेगाना : भक्तपुर सु.न.पा.८, सिपाडोल**
**सम्पर्क नं. ९८५१०९३०६१**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**
**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयको मिति २०७१/१२/१९ मा दर्ता भएको **शुलभ डाइग्रोष्टिक सोलुसन प्राइभेट लिमिटेड (प्रा. लि. नं. १३४२४५)** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उत्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाणसहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**
**हक दावी गर्न आउने बारेको ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०६३/१०/२६ मा दर्ता भएको **डल्फिल कम्युनिकेशन प्राइभेट लिमिटेड (प्रा.लि. नं. ४४०७२)** नामक कम्पनीले दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि **३५ (पैतिस) दिन**भित्र यस कार्यालयमा **हक दावी** गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**बिहीबार, २९ असोज, २०८३**

| राशि | फल |
| --- | --- |
| मेष | मेहनतको राम्रो परिणाम प्राप्त हुनेछ । खर्चमा ध्यान दिनुहोला । |
| वृष | आत्मविश्वास बढ्नेछ । नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ । |
| मिथुन | काममा सफलता मिल्नेछ । स्वास्थ्य र आराममा ध्यान दिनुहोस् । |
| कर्कट | साथीभाइबाट सहयोग मिल्नेछ । आर्थिक कारोबारमा सावधानी अपनाउनुहोस् । |
| सिंह | महत्वपूर्ण काम पूरा हुने दिन छ । पारिवारिक सम्बन्ध सुमधुर रहनेछ । |
| कन्या | नयाँ योजना बनाउन अनुकूल समय छ । यात्राबाट लाभ मिल्न सक्छ । |
| तुला | कामको दबाब बढ्न सक्छ । धैर्य र संयमले समस्या समाधान हुनेछ । |
| वृश्चिक | नयाँ सम्पर्कले अवसर ल्याउन सक्छ । आम्दानीका स्रोत बढ्ने संकेत छ । |
| धनु | मनमा उत्साह बढ्नेछ । रोकिएको काम पूरा हुँदा सन्तुष्टि मिल्नेछ । |
| मकर | काममा उत्साह बढ्नेछ । आर्थिक पक्षमा सुधारको संकेत छ । |
| कुम्भ | रोकिएका काम अघि बढ्नेछन् । परिवारबाट राम्रो सहयोग मिल्नेछ । |
| मीन | नयाँ अवसर प्राप्त हुन सक्छ । बोलीमा संयम अपनाउनुहोस् । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
| --- | --- |
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
| --- | --- |
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
| --- | --- |
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डाँछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२९ असोज, २०८३ (१५ अक्टोबर २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
| --- | --- | --- | --- |
| भारतीय रुपैयाँ | १०० | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ | १५४.४८ | १५५.०८ |
| युरो | १ | १७३.३२ | १७३.९९ |
| पाउन्ड स्टिर्लङ | १ | २०४.५५ | २०५.३५ |
| स्विस फ्रैन्क | १ | १८५.९२ | १८६.६४ |
| अस्ट्रेलियन डलर | १ | १०७.८३ | १०८.२५ |
| क्यानाडियन डलर | १ | १०८.५७ | १०८.९९ |
| सिङगापुर डलर | १ | १२०.६८ | १२१.१५ |
| जापानी येन | १० | ९.७६ | ९.८० |
| चिनियाँ युआन | १ | २३.०८ | २३.१७ |
| साउदी अरब रियाल | १ | ४१.१५ | ४१.३१ |
| कतारी रियाल | १ | ४२.४२ | ४२.५८ |
| थाई भाट | १ | ४.६१ | ४.६२ |
| संयुक्त अरब इमिरेट दिराम | १ | ४२.०६ | ४२.२३ |
| मलेसियन रिङेट | १ | ३७.८२ | ३७.९६ |
| दक्षिण कोरियन वन | १०० | ११.५२ | ११.५६ |
| स्विडिस क्रोनर | १ | १५.५१ | १५.५७ |
| डेनिस क्रोनर | १ | २३.१९ | २३.२८ |
| हङकङ डलर | १ | १९.६९ | १९.७६ |
| कुवेती दिनार | १ | ५०१.३१ | ५०३.२६ |
| बहराइन दिनार | १ | ४०९.११ | ४१०.७० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

# चाडपर्व ढुक्कसँग मनाउने वातावरण बनाउँदै प्रहरी

■ प्रभाव संवाददाता

**काठमाडौं–** दसैं, तिहार तथा छठलगायतका प्रमुख चाडपर्वलाई लक्षित गरी काठमाडौं उपत्यकामा तीन हजार ५०६ जना प्रहरी परिचालन गरिएको छ । चाडपर्वका समयमा हुनसक्ने आपराधिक गतिविधि नियन्त्रण गरी नागरिकलाई सुरक्षित र निधक्कसँग पर्व मनाउने वातावरण बनाउन प्रहरीले विशेष सुरक्षा योजना लागू गरेको हो ।

जिल्ला प्रहरी परिसर काठमाडौंका अनुसार चाडपर्वको समयमा बजार, सार्वजनिकस्थल, यातायात तथा नागरिकको बढी आवतजावत हुने क्षेत्रमा हुनसक्ने चोरी, लुटपाट, ठगीलगायतका आपराधिक गतिविधि नियन्त्रण गर्न विशेष योजनाकासाथ प्रहरी परिचालन गरिएको छ ।

चाडपर्व मनाउन घरबाहिर निस्कने, किनमेलका लागि बजार जाने तथा विभिन्न स्थानमा यात्रा गर्ने नागरिकको सुरक्षालाई प्राथमिकतामा राखेर सुरक्षा व्यवस्था मिलाइएको परिसरका प्रवक्ता एवं प्रहरी उपरीक्षक दानबहादुर थापाले जानकारी दिए । उनका अनुसार चाडपर्व लक्षित सुरक्षा व्यवस्थाअन्तर्गत परिचालन गरिएका प्रहरीमध्ये १०० जना सादा पोसाकमा छन् । उनीहरूले सार्वजनिकस्थल तथा भीडभाड हुने क्षेत्रमा निगरानी गर्ने, शंकास्पद गतिविधिको पहिचान गर्ने र सम्भावित आपराधिक क्रियाकलाप नियन्त्रणमा सहयोग पुऱ्याउने छन् । प्रहरीले परम्परागत सुरक्षा गस्तीका अतिरिक्त प्रविधिको प्रयोगलाई समेत प्राथमिकता दिएको छ । सुरक्षा निगरानीका लागि सामुदायिक सेवा केन्द्र, ड्रोन क्यामरा, सामाजिक सञ्जाल तथा तालिमप्राप्त कुकुरको प्रयोग गरिएको परिसरले जनाएको छ । प्रविधि र जनशक्तिको समन्वयबाट शंकास्पद गतिविधिको पहिचान तथा सुरक्षा व्यवस्थापनलाई प्रभावकारी बनाइने उपरीक्षक थापाले बताए ।

### भीडभाड हुने क्षेत्र सुरक्षाको प्राथमिकतामा

चाडपर्वका समयमा सर्वसाधारणको चहलपहल बढ्ने भएकाले सार्वजनिकस्थल, बसपार्क, वित्तीय संस्था तथा तिनका आसपासका क्षेत्र, सरकारी कार्यालय र चाडपर्व लक्षित बजारमा विशेष निगरानी बढाइएको छ । नागरिकको बढी भीडभाड हुने स्थानमा नियमित प्रहरीसँगै सादा पोसाकका प्रहरीसमेत परिचालन गरिएको प्रवक्ता थापाले जानकारी दिए ।

दसैं तथा तिहारका समयमा किनमेल गर्ने, घर फर्किने र आफन्तकहाँ जाने सर्वसाधारणको संख्या बढ्ने हुँदा बजार तथा यातायातका केन्द्रमा सुरक्षा चुनौतीसमेत बढ्न सक्ने प्रहरीको आकलन छ । त्यस्ता क्षेत्रमा चोरी, पाकेटमारी, ठगी तथा अन्य अवाञ्छित गतिविधि हुन नदिन प्रहरी टोलीलाई सक्रिय बनाइएको परिसरले जनाएको छ । त्यस्तै वित्तीय संस्था तथा आर्थिक कारोबार हुने क्षेत्रको सुरक्षामा पनि ध्यान दिइएको छ । चाडपर्वका समयमा सर्वसाधारणले किनमेल तथा अन्य प्रयोजनका लागि रकम बोकेर हिँड्ने भएकाले सम्भावित आपराधिक गतिविधि नियन्त्रण गर्न निगरानी बढाइएको प्रहरीले जनाएको छ ।




### चाडपर्व ढुक्कसँग मनाउने वातावरण बनाउँदै प्रहरी

आपराधिक गतिविधि नियन्त्रण गर्न प्रहरीको सक्रियता बढाइएकाले नागरिकले निर्धक्कसँग चाडपर्व मनाउन सक्ने वातावरण बनाउनु सुरक्षा योजनाको मुख्य उद्देश्य रहेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार, दसैं, तिहार र छठका अवसरमा बजारमा किनमेल गर्नेको चाप, सार्वजनिक यातायातमा बढदो यात्रुको आवागमन तथा विभिन्न स्थानमा धार्मिक र सांस्कृतिक गतिविधि सञ्चालन हुने भएकाले सुरक्षा व्यवस्थालाई चुस्त बनाइएको छ ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०६/२९ गते**

यस कम्पनीको मिति २०८३/०४/१४ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **स्पा ट्राभल्स एण्ड टुर्स प्रा.लि.**को नाम परिवर्तन गरी **तिवारी ट्रेडिङ ग्रुप प्रा.लि.(दर्ता नम्बर १६३४०७)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०५/०९ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## विशेष दर्ता खारेजी सम्बन्धी ३० (तीस) दिने सूचना

यस कार्यालयमा मिति २०७१/०१/१७ मा दर्ता भएको प्रा.लि.नं. १२२०९५ को **सुविधा डट कम प्रा.लि.** नामक कम्पनीले दफा १३६ 'क' अनुसार विशेष दर्ता खारेज गरी पाऊँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित **हक दावी**को लागि **३० (तीस) दिन**भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

## लिक्वीडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ वमोजिम मिति २०७७/११/१३ मा दर्ता भएको **प्रा. लि. नं. २५७०३७/०७७/०७८** को **परिकल्पना एकीकृत कृषि पर्यटन प्रा. लि.** को मिति २०८३/०६/२२ गतेको वार्षिक साधारणसभाको विशेष निर्णय बमोजिम कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्वीडेशनमा लैजान निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवम बाँकी बक्यौता लेनदेन आदि भएमा हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शेरबहादुर रोकाया (लिक्वीडेटर) इजाजत पत्र नं. २८७**
**बबरमहल, काठमाडौं, फोन नं. ९८५११६३७२३**

## श्रीयन्त्र बचत तथा ऋण सहकारी संस्था लि.

**पिंगलास्थान, गौशाला, काठमाण्डौं, फोनः– १०४५८३२४५**

## ३५(पैंतिस) दिने धितो लिलामीको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०६/२९**

यस श्रीयन्त्र बचत तथा ऋण सहकारी संस्था लि. का तपसिलमा उल्लेखित तपाईं ऋणी तथा जमानीले कर्जा उपभोग गर्दै आउनु भएकोमा सो कर्जाको सँस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा व्याज आदि भुक्तान गर्न आउन तपाईं ऋणीलाई पटक पटक मौखिक तथा लिखितरूपमा सूचना दिई तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता गर्न कुनैचासो नदेखाई वेवास्ता गरेकोले धितो लिलामीको ३५ दिने सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको ३५ (पैतिस) दिनभित्र ऋणी संस्थामा उपस्थित भई आफूले तिर्नुपर्ने ऋण कर्जाको साँवा,व्याज,हर्जाना तथा अन्य दै-दस्तुर (धितो लिलाम प्रकृयामा भएका सबै खर्चहरू चुक्ता भुक्तान गरेमा सो धितो लिलामीको प्रकृया नै स्थगित गर्नसकिनेछ । तोकिएको म्यादभित्र पनि ऋणकर्जा चुक्ता नगरेमा सहकारी ऐन २०७४, नियमावली २०७५ तथा प्रचलित नेपाल कानून बमोजिम सँस्थाले लिलाम बिक्री गर्ने भएकोले लिलाममा डाक बढाबढ गरिलिन चाहने ईच्छुक महानुभावहरूले यो सूचना प्रकाशित भएको मितिले ३६औं दिन उक्त दिन विदा परेमा सो को भोलिपल्ट विहान ११ बजे यस सँस्थाको कार्यालयमा उपस्थित भई आफूले सकार गर्न चाहेको मूल्यमा बोलकबोल गर्नहुन यसै सूचनाद्वारा आह्वान गरिन्छ । धितो लिलामी डाक बढाबढ बोलकबोल कसैले नसकारेमा सहकारी नियमावली २०७५ को नियम ३५ बमोजिम संस्था आफैले सो धितो लिलाम सकार गर्नेछ । सो धितोबाट सँस्थाको लेना रकम अपुग वा बाँकी रहेमा तिनपुस्ते अन्य चलअचल सम्पतिबाट उठाइलिनेछ । धितो लिलाम बढाबढमा सबैभन्दा बढि कबोल गर्ने व्यक्तिले कबोल रकमको १० प्रतिशत रकम नगदै धरौटी स्वरूप सोहि दिन सँस्थामा जम्मा गर्नुपर्नेछ । कबोल रकमको बाँकी रकम ७ (सात) दिनभित्र जम्मा गरिसक्नुपर्नेछ । तोकिएको म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी स्वरूप राखेको रकम जफत गरिनेछ । तपसिलमा उल्लेखित सुरक्षणको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समयभित्र सम्पर्क राखि लिन सकिनेछ ।

**तपसिल**

| ऋणीको नाम | ऋणीको फोटो | जमानीको नाम | जमानीको फोटो |
|---|---|---|---|
| ऋणीको नाम लक्ष्मी शोभा मानन्धर<br>पतिको नामः राजन मानन्धर<br>बाबुको नामः पुष्प मानन्धर<br>ठेगानाः बनेपा न.पा. वडा नं. ७, काभ्रेपलाञ्चोक, ना. प्र. नं. १११३८७<br>जारी मितिः २०५९/०४/२२<br>जारी स्थानः काभ्रेपलाञ्चोक |  | जमानीको नामः राजन मानन्धर<br>बाबुको नाम : धर्म मानन्धर<br>ठेगानाः बनेपा न.पा. वडा नं. ७, काभ्रेपलाञ्चोक<br>ना.प्र.नं. ५६०८६/१६९०, जारी मितिः २०५२/०२/२३<br>जारीस्थान : काभ्रेपलाञ्चोक |  |
| **धितोको विवरण**ः लक्ष्मी शोभा मानन्धरको नाममा रहेको काभ्रे जिल्ला धुलिखेल न.पा. वडा नं. १ को नक्सा सिट नं. १ कि.नं. १६९१ को क्षे.फ.०-३-०-० जग्गा र सो जग्गाले चर्चेको लिगलिगापात समेत । | | | |

**पचरौता नगरपालिका**

## नगर कार्यपालिकाको कार्यालय

**बेनौली, बारा**
**मधेश प्रदेश, नेपाल**

## भिखना माछा पोखरीको शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सार्वजनिक सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८३/०६/२९**

उपरोक्त सम्बन्धमा यस नगरपालिकाको अधिकार क्षेत्रभित्र रहेको साविक गा. वि. स. वडा नं ३ हाल पचरौता नगरपालिका वडा नं ७ को कि.न. १६५ को ज. वि. ४-२-० क्षेत्रफलमा फैलिएको भिखना सार्वजनिक माछा पोखरीको शिलबन्दी बोलपत्र सम्बन्धी १५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ । टेण्डर लिने ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नविकरण भएको प्रमाण पत्र, पान नं, दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु तथा उक्त कार्य गर्न योग्य भएको स्व घोषणा पत्र पेश गरि निम्न शर्तहरुको अधिनमा रहि तोकिए बमोजिमको मिति,समय र स्थानमा शिलबन्दी खोलिने कार्यहुने भएकोले सबैमा जानकारीको लागि अनुरोध छ ।

| ठेक्का नं | ठेक्काको किसिम | न्युनतम ठेक्का अंक | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १/२०८३/०८४ | साविक गा.वि.स. बेनौली वडा नं ३ हाल पचरौता नगरपालिका वडा नं ७ को कि. न. १६५ को ज. वि. ४ -०-२ (भिखना माछा पोखरी) | ५४००,०००/- (अक्षरेपी चौवन लाख मात्र) | ३०००/- | |

**शर्तहरू**

- ठेक्का सेवा अवधि सम्झौता गरेको मिति देखि लागु हुने गरि ५ बर्ष सम्म कायम हुनेछ ।
- बोलपत्र फर्ममा कार्यालय प्रमुख र कार्यालयको छाप नभएको बोलपत्रलाई मान्यता दिईने छैन।
- सुचना प्रकाशन भएको मितिले १६औं दिन अपरान्ह १२:०० बजेभित्र नेपाली नागरिक भए आफ्नो कबुल गरेको ठेक्का अंकको ५% र बिदेशी नागरिक भए १०% धरौटी रकम NMB Bank पचरौता शाखाको पचरौता नगरपालिका स्थानिय निकाय धरौटी खाता. ग. ३.१ बैंक खाता नं. ११४००८३१६४१०००४८ मा दाखिला गरेको सक्कलै भौचर सहित रित पुगेको अन्य प्रमाण पत्रको प्रतिलिपि सहितको कागजात दर्ता गराईसक्नु पर्नेछ । धरौटी वापतको नगद रकम ठेक्का रकममा संकलन गरेमा मान्यता दिईने छैन ।
- यसरी दर्ता हुन आएको बोलपत्रहरु १६औं दिनको दिउसो ३:०० बजे नगरपालिकाको कार्यालयको सभा हलमा बेनौलीमा खोलिनेछ । सो समयमा बोलपत्र दर्तावाला वा निजको प्रतिनिधिको उपस्थिति नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन र सो बोलपत्र स्थानिय प्रतिनिधिहरुको रोहवरमा समेत खोलिने छ र बोलपत्र खोलिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो लगतै कार्यालय खुल्ने दिनमा उक्त कार्य गरिनेछ ।
- बोलपत्र फर्म भर्दा आफुले कबुल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुनेगरि उल्लेख भएको हुनु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
- बोलपत्र स्वीकृत भएपछि सुचना पायक वा घरदैलोमा टांस गरेको मितिले ७ दिनभित्र नियम अनुसार पान नं दर्ता, संस्था दर्ता र नविकरण लगायतका प्रमाणहरुको प्रमाणित प्रतिलिपि लिई सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । सो अवधि भित्र सम्झौता नगरी चलनपुर्जी लिन नआएमा धरौटी रकम जफत गरिनेछ र दोस्रो बोलपत्र दर्ताको बोलपत्र स्वीकृत गर्ने वा पुनः बोलपत्र आहवान गर्ने वा नगर्ने अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ ।
- ठेक्का स्वीकृत भएपछी सम्पुर्ण रकम एक मुस्ठ बुझाएमा १०% छुट गरी सम्झौता गरिनेछ र स्थायी चलन पुजी दिन सकिनेछ ।
- ठेक्केदारले आफुले कवोल गरेको कुल रकम १० किस्तामा बुझाउनु पर्ने छ । धरौटी रकम अन्तिम किस्तामा मिनहा हुनेछ ।
- ठेक्केदारले सम्झौता गर्दा पहिलो किस्ता बाहेक बुझाउनु पर्ने बाकी रकमको बैंक जमानत (परफर्मेन्स बण्ड) पेश गरे पछि मात्र ठेक्का सम्झौता गरी स्थायी चलन पुर्जी दिईनेछ ।
- पोखरी भोग चलन गर्दा सार्वजनिक वा व्यक्तिगत सम्पतिमा हानी नोक्सानी र पोखरीको भौतिक संरचना विर्गान पाईने छैन । साथै पोखरीमा वहुमुल्य सामान फेला परेमा स्थानिय सरकारको हुनेछ ।
- सम्मानित अदालत,प्रदेश सरकार, नगरसभाको निति, निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागु गर्नु ठेकेदारको मुख्य कर्तव्य र उत्तरदायित्व हुनेछ । निति नियम वा अदालतको कारणबाट कुनै क्षति हानी नोक्सानी हुन गएमा सोको क्षतिपुर्तीको दावी ठेकेदारले नगरपालिका संग गर्न पाउने छैन ।
- बोलपत्र दर्ता गराउन सम्बन्धित फर्मरसंस्था यस पचरौता नगरपालिकामा आ. ब. २०८३/०८४ सुचिकृत हुनुपर्नेछ ।
- यसमा उल्लेख नभएको अन्य कुराहरुमा सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ र स्थानिय सरकार संचालन ऐन २०७४ तथा आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व ऐन बमोजिम हुनेछ ।

**नि. प्रमुख प्रशासकीय अधिकृत**

## संस्थापक शेयर खरिद सम्बन्धी ३५ दिने हकदाबी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३/०६/२९)

मिति २०८३/०३/३२ गते सम्पन्न यस **ईनोभेटिभ ईको कृषि कम्पनी लिमिटेड** को प्रथम वार्षिक साधारण सभाले पारित गरे बमोजिम कम्पनीको चुक्ता पुँजी वृद्धि गर्नका लागि प्रति कित्ता १०० का दरले कुल १,००,००० (एक लाख) कित्ता रकम रु. १०००००० अक्षरुपी एक करोड रुपैयाको संस्थापक शेयर निष्कासन गर्ने प्रयोजनार्थ मिति २०८३/०६/१२ गते बसेको सन्चालक समितिको बैठकको निर्णय मुताविक शेयर निष्काशन प्रकृया अगाडि बढाँइएकोले उक्त शेयर खरिद हक, पहिलो हकदाबी हाल कायम संस्थापक शेयरधनीहरुको हुने ब्यवस्था बमोजिम कायम सम्पूर्ण संस्थापक शेयरधनीहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । विद्यमान संस्थापक शेयरधनी महानुभावहरूलाई उक्त सेयर खरिद गर्ने ईच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र कम्पनीको केन्द्रीय कार्यालय रुपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका-१३, भैरहवामा निवेदन दिनुहुन सूचित गरिन्छ ।

नियम अनुसार, विद्यमान संस्थापक शेयरधनीहरूलाई पूँजीको समानुपातिक आधारमा (Pro Rata Basis) हक बमोजिम बाँडफाँड गरिनेछ । यदि तोकिएको म्यादभित्र कायम शेयरधनीहरूबाट आवेदन नपरेमा वा बाँकी रहेमा, उल्लेखित शेयर नियमानुसार अन्य व्यक्ति वा संस्थालाई बिक्री प्रक्रियामा लगिने व्यहोरा जानकारी गराइन्छ ।

थप जानकारीको लागि यस ईनोभेटिभ इको कृषि कम्पनी लिमिटेडको केन्द्रीय कार्यालय रुपन्देही जिल्ला सिद्धार्थनगर –१३, भैरहवा मा सम्पर्क राख्नु होला ।

IKL इनोभेटिभ ईको कृषि कम्पनी लिमिटेड
Innovative Eco Krishi Company Limited

**कुवेतमा रोजगार** कम्पनी : BAIT FAHAD RESTAURANT & CAFÉ COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०६/२८ | LT. No. 349048 | चलानी नं. ६०२६२३३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | waiter/waitress | 10 | 10 | 130 | ६३,९९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ कार्तिक ५ गते (22th Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**ः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SHUKRAN RECRUITMENT SERVICES PVT. LTD.
श्रम इजाजत नं.१७५१/०७१/०७२
Kathmandu Metropolitian City- 9, Kathmandu, Bagmati Province, Nepal , Con; 9809465314,9860291781,9820565314 ,Tel No.: 01-5929466
Email: Shukranrrecruitmentservices@gmail.com, Website: Www.shukranrecruitment.com.np

**कतार/साउदीमा रोजगार** कम्पनी : LALIT CLEANING AND CONTRACTING

पूर्व स्वीकृति मिति : २०८३/०६/२८ | LT. No. 349257 | चलानी नं. ६०२६२३९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office Cleaner | 1 | 28 | 1000 | ४१,८३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner / Public Building | 29 | 6 | 1000 | ४१,८३८ | | | | | | | |
| 3 | Dry Clean Worker | 2 | 3 | 1000 | ४१,८३८ | | | | | | | |
| 4 | Female Hospital Cleaner | 0 | 5 | 1000 | ४१,८३८ | | | | | | | |
| 5 | Hotel Cleaner | 4 | 0 | 1000 | ५१,३८९ | | | | | | | |
| 6 | Cleaner Supervisor (Female) | 0 | 4 | 2500 | १०४,५९७ | | | | | | | |
| 7 | All Cars Driver | 5 | 0 | 1700 | ७१,१२५ | | | | | | | |

कम्पनी : IMT GATE COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०६/२८ | LT. No. 348879 | चलानी नं. ६०२६२००३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 1 | 0 | 1000 | ४०,६२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ कार्तिक ५ गते (22nd Oct. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**ः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SHIVAM INTERNATIONAL MANPOWER SERVICES PVT. LTD
Sinamangal-9, Kathmandu Nepal, Tel : +977 01-5912780
Email : shivamintl9@gmail.com, Web: www.shivamintlmanpower.com.np
Gov Lic.No. 1570/079/80

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### चाडबाडमा महँगीको मार, सरकार लाचार

हिन्दूहरूको सबैभन्दा ठूलो र महत्त्वपूर्ण चाडबाड दसैं, तिहार तथा छठ नजिकिँदै गर्दा आमनागरिकको भान्सा र बजारमा महँगीको आगो बलेको छ । चाडपर्व भनेको आमजनताका लागि खुसी, उत्साह र पारिवारिक पुनर्मिलनको अवसर हुनुपर्ने हो । तर, दुर्भाग्यवश हरेक वर्षको चाडबाड नेपाली सर्वसाधारणका लागि खुसीभन्दा बढी ऋण र मानसिक तनावको बोझ बनेर आउने गरेको छ ।

बजारमा दैनिक उपभोग्य खाद्यान्न, ताजा तरकारी, फलफूल, मासुजन्य पदार्थ र लत्ताकपडाको मूल्य नियन्त्रणबाहिर गइसकेको छ । सीमित र न्यून आय भएका सर्वसाधारण नागरिकका लागि त यसपालिको दसैं खुसीको पर्व होइन, दशासरह बन्न पुगेको छ । तर, बजारमा मौलाएको यो अराजकता र अस्वाभाविक मूल्यवृद्धिलाई नियन्त्रण गर्नुपर्ने जिम्मेवार सरकारी निकायहरू भने लाचार, मूकदर्शक र दिशाहीन बनेका छन् ।

बजारको वस्तुस्थिति नियाल्दा अहिले खाद्यान्नको भाउ आकासिएको छ । चामल, दाल, तेल, मसला र मासुको मूल्यमा रातारात अस्वाभाविक वृद्धि गरिएको छ । व्यापारीहरूले बाढीपहिरोका कारण नाका अवरुद्ध भएको वा आपूर्ति शृंखला बिग्रिएकोजस्ता विभिन्न बहाना बनाएर उपभोक्तालाई खुलेआम लुटिरहेका छन् । निसन्देह, प्राकृतिक विपत्ति वा नाकाको सहजता नहुनुले आपूर्तिमा केही समस्या ल्याउन सक्छ, तर के यसैको आडमा व्यापारीलाई मनोमानी मूल्य असुल्ने छुट दिन मिल्छ ? उपभोक्ता अधिकारको रक्षा गर्ने र बजारमा कृत्रिम अभाव तथा कालोबजारी रोक्ने प्राथमिक दायित्व राज्यको हो । तर, सरकारको उपस्थिति बजारमा शून्यप्रायः देखिन्छ ।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागजस्ता नियमनकारी निकायहरूले दैनिक केही दर्जन फर्म वा पसलहरूको अनुगमन गरिरहेको दाबी त गर्छन्, तर ती अनुगमनहरू केवल औपचारिकता र प्रचारबाजीमामात्र सीमित भएका छन् । अनुगमन टोली पुग्दा केही समयका लागि पसल बन्द गर्ने वा मूल्यसूची झुण्ड्याउने नाटक गरिन्छ, तर टोली फर्किनासाथ पुनः पुरानै कालोबजारी र ठगीधन्दा सुरु हुन्छ । प्रभावकारी कानुनी कारबाही, कडा जरिवाना र निरन्तरको निगरानीको अभावमा व्यापारीहरूमाझ राज्यको कुनै डर–त्रास बाँकी रहेको छैन । बजार नियन्त्रणका लागि बनाइएका सरकारी संयन्त्रहरू केवल कागजी प्रतिवेदन बुझाउन र सञ्चारमाध्यममा वक्तव्य दिनमै व्यस्त छन्, जसले गर्दा सरकार पूर्णरूपमा असफल साबित भएको छ ।

नागरिकको चुलो बलेको छ कि छैन, तिनका बालबच्चाले दसैंमा एकजोर नयाँ लुगा फेर्न पाए कि पाएका छैनन् भन्ने कुरासँग सरकारलाई कुनै सरोकार नभएको जस्तो देखिन्छ । न्यून आय भएका श्रमजीवी वर्गका लागि वर्षमा एकपटक आउने चाडबाड मनाउनु नै ठूलो सास्तीको विषय बन्नु राज्यका लागि अत्यन्तै लाजमर्दो विषय हो ।

अब पनि सरकार र यसका नियमनकारी निकायहरू गम्भीर भएनन् भने बजारको अराजकताले झनै डरलाग्दो रूप लिने छ । अनुगमनलाई केबल मौसमी नाटक वा औपचारिकतामा सीमित नराखी, अस्वाभाविक मूल्यवृद्धि गर्ने, अखाद्य वस्तु बिक्री गर्ने र कालोबजारीमा संलग्न व्यापारीहरूमाथि कडा कानुनी कारबाही र थुनासम्मको कदम चालिनुपर्छ । आपूर्ति शृंखलालाई तत्काल सहज बनाउने, सरकारी सहुलियत पसलहरूको दायरा र उपस्थिति बढाउने तथा बजारमा निरन्तर र कडाइका साथ हस्तक्षेप गर्ने काम सरकारको प्राथमिकता हुनुपर्छ । चाडबाडमा नागरिकलाई राहत र संरक्षण दिन नसक्ने हो भने सरकार हुनुको कुनै औचित्य रहँदैन ।

## श्रम सरोकार

### वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन् । त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ । कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ । रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ । तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ । उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन । उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ । उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ । समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन । यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ । तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस् । नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन् । यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस् ।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन् । तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस् । उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन् । खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ । मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ । कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ । रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस् ।

# एनआरएनलाई भित्र्याउन लगानीमैत्री वातावरणको खाँचो



■ दामोदर खनाल

“गैरआवासीय नेपालीहरु (एनआरएन) नेपालमा केही गर्न चाहेका छन् । उनीहरूलाई नेपालमा लगानी गर्ने भरपर्दो आधार दिन सके अर्बौं अर्ब रकम विभिन्न क्षेत्रका लागि गैरआवासीय नेपालीबाट नै प्राप्त हुन सक्छ । सरकारले नेपाल फर्केर केही गर्न चाहेका गैरआवासीय नेपालीका लागि वातावरण दिन आवश्यक छ । यसो भएमा विदेसिन लालायित युवा शक्तिलाई पनि बिस्तारै स्वदेशमै अड्याउन सकिन्छ ।

नेपाल आफैंमा पर्याप्त प्राकृतिक स्रोत साधन र सम्भावना भएको मुलुक भएकोले विकासका लागि सरकारले गैरआवासीय नागरिकलाई स्पष्ट योजना बनाएर वातावरण दिन जरुरी छ । विदेशमा रहेका लाखौं गैरआवासीय नागरिक (एनआरएन) नेपालीबाट पर्याप्त स्रोत र सीप र प्रविधि भित्र्याउन सकिने आधार र सम्भावना रहेको छ ।

यथार्थमा पछिल्लो समय उद्यमशीलता प्रवर्द्धनका लागि सरकारी प्रणाली, सहजकर्जा र स्पष्ट आर्थिक कार्ययोजना र पुराना नीति नियममा सुधारको खाँचो छ । पुराना राजनीतिक दल र तिनका जनप्रतिनिधिको सोचमा पनि व्यापक परिवर्तन आवश्यक छ । विश्वपरिवेश निकै अगाडि बढेकाले अब पुरानै राजनीतिक दलको सोच विचारले समाज र देश बदलिन सक्दैन भन्दा दुईमत हुँदैन । अहिलेको समाज धेरै अगाडि बढिसकेको छ, युवाहरूले विकसित देशका कथाहरू बुझिरहेका छन् । आफूहरू पनि नयाँ परिवेशअनुसार अगाडि बढ्न सक्षम भइसकेका छन् ।

जसका कारण हाम्रा जनप्रतिनिधि पनि आफ्ना क्षेत्रको विकासका लागि स्पष्ट लक्ष्य, उद्देश्य र योजनासहित विकासका मोडेल खोज्न आवश्यक छ । देशका काठमाडौं, पोखरा, बुटवल, विराटनगर, धनगढी, धरान, भक्तपुर, ललितपुरका केही ठाउँ हेर्दा परिवर्तन भएको देखिन्छ । केही वर्ष अगाडिको विकास र अहिलेको विकास हेर्दा शिक्षा, स्वास्थ्य, पुराना सम्पदाको संरक्षण, सरसफाइ, कृषि, सडकजस्ता विकासका सवालमा धेरै छलाङ मारेको छ । तर यो पर्याप्त भने छैन । अझ पनि पुरातनवादी सोच, गुटगत राजनीति र व्यक्ति पूजाले गर्दा विकासले जुन गति लिनुपर्ने हो त्यति लिन सकेको छैन ।

यो पटक काठमाडौंको दुईदिन बसाइँमा दुईवटा कार्यक्रममा सहभागी हुने अवसर मिल्यो । २० जना महिला उद्यमी सहभागी ‘सिम्रिक इनिसिएटिभ लञ्च फर वुमन बाई वुमन’ र ‘इन्टरप्रिनर्स मिट-२०२६’ मा सहभागी हुने अवसर प्राप्त भयो । यी कार्यक्रममा सहभागीले राखेका विचार नेपालका सम्बन्धमा साह्रै महत्त्वपूर्ण थिए । पछिल्लो समय नेपालको सम्भावना पर्यटन, जलसम्पदा, कृषि र आइटी रहेकाले यिनै क्षेत्रलाई आधार मानेर योजना बनाउन जरुरी छ ।

लगानी र सम्भावनाको खोजी, नयाँ प्रविधि, सफलता असफलताका कथा, कानुनी जटिलता, कृषिको सम्भावनाबारे धेरै महत्त्वपूर्ण बहस भएका थिए । जहाँ विकासका लागि बजेटभन्दा पनि स्पष्ट लगानीमैत्री वातावरण हुन सके पुँजीको अभाव नभएको आशालाग्दा कुरा सहभागीले बताएका थिए ।

उद्यमशीलताको विकास, लगानी विस्तार र नेपालको आर्थिक रूपान्तरणका विषयमा केन्द्रित रहेर इन्टरप्रिनर्स क्लब ग्लोबलको आयोजनामा भएको ‘इन्टरप्रिनर्स मिट-२०२६’मा उद्यमी, बैंकिङ क्षेत्रका नेतृत्वकर्ता, व्यवस्थापनविज्ञ तथा अन्तर्राष्ट्रिय क्षेत्रमा कार्यरत नेपाली प्रतिनिधिहरूले नेपालको उद्यमशीलता र आर्थिक विकासका चुनौतीबारे स्पष्टरूपमा धारणा राखेका थिए ।

कार्यक्रममा क्यालिफोर्नियाको हर्कुलिस सिटीका काउन्सिल मेम्बर तथा वेटिङ मेयर डिल्ली भट्टराईले नेपालमा विकास गर्न सकिने आधार र सम्भावना रहेको बताउँदै लगानीमैत्री सुरक्षित वातावरणको खाँचो रहेको बताए । उनले नेपालमा आर्थिक तथा व्यावसायिक क्षेत्रको विकासका लागि सरकारले नीतिगत घोषणामामात्र सीमित नभई व्यावहारिक र प्रभावकारी कदम चाल्नुपर्ने बताएका थिए । उद्यमी तथा व्यवसायीले सामना गरिरहेका समस्यालाई सम्बोधन गर्न सरकारी कार्यप्रणालीमा सुधार र कार्यान्वयनमा सक्रियता आवश्यक रहेको उनको धारणा थियो । आर्थिक विकासका लक्ष्य हासिल गर्न सरकारको प्रतिबद्धता व्यवहारमा देखिनुपर्नेमा उनले जोड दिए ।

नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत मनोज ज्ञवालीले उद्यमशीलता प्रवर्द्धनका लागि बैंकिङ प्रणाली र सरकारी नियामकीय व्यवस्था दुवै सहयोगी हुनुपर्ने बताए । उनका अनुसार बैंकहरूले कर्जा प्रवाह गर्दा जोखिम व्यवस्थापन, नियामकीय प्रावधान र वित्तीय अनुशासनलाई ध्यान दिनुपर्ने हुन्छ । तर, सरकारी प्रणाली तथा नीतिगत व्यवस्थाले बैंकहरूलाई योग्य ऋणी र सम्भावनायुक्त व्यवसायमा कर्जा प्रवाह गर्न थप सहज वातावरण प्रदान गर्नुपर्ने आवश्यकता रहेको बताएका छन् । उद्यमीले आवश्यक वित्तीय स्रोत प्राप्त गर्न सकेमा नयाँ व्यवसाय स्थापना, निजी क्षेत्रको विस्तार र आर्थिक गतिविधिमा वृद्धि गर्न सहयोग पुग्ने विषय पनि कार्यक्रममा उठाइएको थियो ।

डा. शम्भु पोखरेलले नेपालमा एक लाख उद्यमी निर्माण गर्ने लक्ष्य घोषणा गर्दै उद्यमशीलताको विस्तारलाई मुलुकको आर्थिक रूपान्तरणसँग जोड्नुपर्ने बताए । उनले उद्यमीको संख्या बढाउने, नयाँ व्यावसायिक अवसर सिर्जना गर्ने र नेपाली उद्यमीलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय बजारसँग जोड्ने दिशामा पहल आवश्यक रहेको धारणा राखेका थिए ।

नेपालमा रोजगारी सिर्जना, उत्पादन वृद्धि, नवप्रवर्तन र लगानी आकर्षित गर्न उद्यमशीलताको वातावरण निर्माण गर्नुपर्नेमा उनले जोड दिए । उद्यमशीलता विकासलाई व्यक्तिगत व्यवसाय स्थापनामामात्र सीमित नराखी राष्ट्रिय आर्थिक विकासको रणनीतिक आधार बनाउनुपर्ने उनको भनाइ थियो ।

साखा ग्रुपका अध्यक्ष तथा नेपाल-अमेरिका चेम्बर अफ कमर्सका अध्यक्ष किरण साखाले नेपालमा व्यवसाय गर्ने वातावरणलाई थप व्यवस्थित, अनुमानयोग्य र लगानीमैत्री बनाउनुपर्ने आवश्यकतामाथि जोड दिएका थिए । नीतिगत अनिश्चितता तथा व्यवसाय सञ्चालनका क्रममा आइपर्ने चुनौती कम गर्न सकेमा उद्यमीले दीर्घकालीन योजना बनाउन र लगानी विस्तार गर्न सहज हुने उनको भनाइ थियो ।

युवा अनुसन्धानकर्ता डा. निराजन ढुंगानाले नेपालको आर्थिक विकासका कार्ययोजनाहरू थप विस्तृत विश्लेषणमा आधारित हुनुपर्ने बताए । आर्थिक लक्ष्य निर्धारण गर्नुमात्र पर्याप्त नहुने उल्लेख गर्दै उनले ती लक्ष्य हासिल गर्ने आधार, कार्यान्वयनका चरण, आवश्यक स्रोतसाधन तथा अपेक्षित परिणामको स्पष्ट विश्लेषण आवश्यक रहेको धारणा राखे । तथ्य र अनुसन्धानमा आधारित योजना निर्माण तथा त्यसको प्रभावकारी कार्यान्वयनले आर्थिक नीतिलाई परिणाममुखी बनाउन सहयोग गर्ने विषय उठान गरेका थिए ।

त्यस्तै क्यानडाका व्यवस्थापन परामर्शदाता डा. मित्र काफ्लेले पनि व्यवस्थापन, उद्यमशीलता र व्यावसायिक विकासका विषयमा आफ्नो धारणा प्रस्तुत गरेका थिए । नेपालमा उद्यमशीलताको विकासका लागि सरकारी निकाय, बैंक तथा वित्तीय संस्था, निजी क्षेत्र, अनुसन्धानकर्ता र अन्तर्राष्ट्रिय सञ्जालबीच सहकार्य आवश्यक रहेको सन्देश कार्यक्रमबाट आएको थियो ।

यस्ता कार्यक्रमले नेपालको व्यावसायिक वातावरण, वित्तीय पहुँच, नीतिगत सुधार र आर्थिक योजनाको कार्यान्वयनबारे निजी क्षेत्र तथा विज्ञहरूबीच छलफलको अवसर प्रदान गरेको छ । कार्यक्रममा उठेका विषयले नेपालमा नयाँ उद्यम स्थापना, लगानी विस्तार र रोजगारी सिर्जनाका लागि अनुकूल वातावरण निर्माण गर्नुपर्ने आवश्यकतालाई पुनः उजागर गरेको देखिन्छ ।

यसैगरी महिला उद्यमशीलता प्रवर्द्धन, व्यवसायमा लगानी विस्तार र वित्तीय पहुँच बढाउने उद्देश्यले आध्यन्त फण्ड म्यानेजमेन्ट लिमिटेडले एक अर्ब रूपैयाँको ‘सिम्रिक इनिसिएटिभ’ कार्यक्रम सुरु गरेको छ । ‘महिलाका लागि, महिलाद्वारा’ भन्ने अवधारणामा आधारित यस पहलले सम्भावनायुक्त महिला उद्यममा लगानी, उद्यमशीलता विकास र साना तथा मझौला उद्यमको पुँजी तथा कर्जामा पहुँच विस्तार गर्ने आशा लिइएको छ ।

सिम्रिक इनिसिएटिभले मुख्यतः तीन क्षेत्रमा काम गर्ने बताइएको छ । पहिलो, आध्यन्त एक्सेलेरेटर प्रोग्राममार्फत उद्यमीको क्षमता अभिवृद्धि र व्यवसाय विकासमा सहयोग गरिने छ । दोस्रो, उच्च वृद्धि सम्भावना भएका, महिलाद्वारा सञ्चालित तथा महिलालाई लक्षित वस्तु र सेवा प्रदान गर्ने व्यवसायमा एक अर्ब रूपैयाँको ‘सिम्रिक नारी फण्ड’मार्फत लगानी गरिने छ । तेस्रो, कर्जा आवश्यक पर्ने साना तथा मझौला उद्यमलाई बैंक तथा वित्तीय संस्थासँग जोडेर वित्तीय पहुँच विस्तार गर्न सहजीकरण गरिने छ ।

यस अवसरमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले महिला उद्यमशीलताको प्रवर्द्धनले उत्पादनशील अर्थतन्त्र निर्माणमा महत्त्वपूर्ण योगदान पुऱ्याउने बताइन् । धितोको अभावकै कारण महिलाका व्यावसायिक सम्भावना रोक्न नहुने उनको भनाइ थियो । उनले घरजग्गा खरी भवन निर्माणभन्दा उत्पादनशील क्षेत्रमा लगानी गर्न आवश्यक रहेको बताइन् । कृषि क्षेत्रका जटिलता हटाएर काम गर्ने सरकारको योजना रहेको पनि बताइन् । विकास निर्माणका लागि पुराना अमिल्दा नीति, नियम, ऐन कानुन ‘हायर एण्ड फायर’ नै गर्न आवश्यक रहेको पनि बताइन् । यसबाट पनि यो सरकारबाट केही नयाँ कामको आशा गर्न सकिन्छ ।

हुन त नेपालको विकास मोडेल अब परिवर्तन गर्नै पर्छ । असहज ऐन नियम परिवर्तन वा सुधार गरेर तत्काल काम सक्ने परिपाटीको विकास गर्न आवश्यक छ । अब विकास निर्माणका काममा भिजनसहित मन पनि सफा गराएर व्यक्तिगत स्वार्थविना काम गर्न आवश्यक हुन्छ भन्ने नै हो । कुनै ठाउँको जनताको महत्त्वपूर्ण समस्या के छ बुझेर स्पष्ट योजनासहित काम गर्न आवश्यक छ ।

अरू सामान्य काम त नियमित प्रक्रिया हो निरन्तर भइरहन्छ । आफ्नो कार्यकालमा जनताले अनुभूति गर्ने के काम गरियो त त्यो महत्त्वपूर्ण विषय हो । जनतालाई खानेपानी, शौचालयको समस्या छ तर पहिला कालोपत्रे सडकलाई बजेट विनियोजन गर्दा ठेकेदार र आसेपासेहरू त खुसी होलान्, जनता खुसी हुँदैनन् भन्ने भाव अब तीन तहका सरकार र योजनाविदले बुझ्न जरुरी छ ।

विकास भनेको केही व्यक्तिका लाभका लागि मनगढन्ते उडैया पाराले गर्नु हुँदैन । सम्बद्ध क्षेत्रका जानकारहरूसँग बसेर, गहन छलफल गरेर, कुन सवालमा कसरी अगाडि बढ्ने भन्ने योजना आवश्यक हुन्छ । जनप्रतिनिधिहरू हरेक दिन आफ्नो भोट घट्यो कि बढ्यो होला भन्ने समीक्षा गरेर काम गर्नुपर्छ । तर व्यवहारमा धेरैको त्यस्तो कार्यशैली भेटिँदैन । विकास गर्ने हो भने अहिले बजेटको कमी छँदै छैन । बैंक तथा वित्तीय संस्थामा पनि प्रशस्त रकम थुप्रिएकोले स्पष्ट योजनाको खाँचो छ भन्दा फरक पर्दैन ।

आधुनिक प्रविधिसहित फार्मिङ गर्न लामो समय जग्गा लिजमा दिने वातावरण, शिक्षा क्षेत्रमा राम्रो दक्षता हासिल गरेकालाई नेपालमै केही गर्न चाहनेहरूका लागि काम दिने वातावरण, कृषि र रोजगारमूलक शिक्षा अनिवार्य गर्नु पनि आजको आवश्यकता बनेको छ । हामी नेपालीले कुरा र चरम राजनीतिकरणभन्दा पनि हाम्रो सोच र शक्ति देश विकासमा लगाउन आवश्यक छ । यो समय नेपालका लागि राजनीति विकासका लागि र कुराभन्दा काम धेरै गुणा बढस गर्नपर्ने समय हो ।

हामीसँग कृषि र पर्यटनका क्षेत्रमा विकासका प्रशस्त आधार र सम्भावनाहरू छन् । यहाँको हिमाल, पहाड, तराईको सुन्दरताले धेरै विदेशी पर्यटकलाई लोभ्याइरहेको पनि छ । नेपालभित्र पनि आशाका किरणहरू छन् । तसथ, गैरआवासीय नेपालीहरू (एनआरएन) नेपालमा केही गर्न चाहेकाले उनीहरूलाई नेपालमा लगानी गर्ने भरपर्दो आधार दिन सके अर्बौं अर्ब रकम विभिन्न क्षेत्रका लागि गैरआवासीय नेपालीबाट नै प्राप्त हुन सक्छ । सरकारले नेपाल फर्केर केही गर्न चाहेका गैरआवासीय नेपालीका लागि वातावरण दिन आवश्यक छ । यसो भएमा विदेसिन लालायित युवा शक्तिलाई पनि बिस्तारै स्वदेशमै अडयाउन सकिन्छ ।

## पाठक मञ्च

### सांसद सुनारको अडियो प्रकरणको निष्पक्ष छानबिन गरियोस्

हालै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रतिनिधिसभा सदस्य खगेन्द्र सुनार एक महिलासँगको कथित आपत्तिजनक अडियो प्रकरणका कारण गम्भीर विवादमा तानिएका छन् । दलित अधिकारका पक्षमा वकालत गर्दै राजनीतिमा उदाएका र भ्रष्टाचारविरुद्ध कडा रूपमा प्रस्तुत हुँदै आएका एक जनप्रतिनिधिमाथि यस्तो गम्भीर नैतिक प्रश्न उठ्नु अत्यन्त दुःखद र चिन्ताजनक विषय हो । यस घटनाले आमनागरिकलाई स्तब्ध बनाएको छ भने राजनीतिक वृत्तमा पनि ठूलो हलचल पैदा गरेको छ ।

सांसद सुनारले उक्त अडियो पूर्णरूपमा नक्कली भएको र कृत्रिम बौद्धिकता (एआई) तथा क्यारिकेचरको प्रयोग गरी आफूलाई सुनियोजितरूपमा फसाउने प्रपञ्च रचिएको दाबी गरेका छन् । अर्कोतर्फ, सत्तारूढ दल रास्वपाले घटनाको सत्यतथ्य पत्ता लगाउन केन्द्रीय अनुशासन आयोगलाई आन्तरिक छानबिनको जिम्मा दिएको छ र छानबिन नटुंगिदासम्म सुनारलाई सार्वजनिक कार्यक्रममा सहभागी हुन रोक लगाएको छ । दलभित्रै पनि कसैले नैतिकताको आधारमा राजीनामा मागेका छन् भने केहीले छानबिनको निष्कर्ष पर्खिनुपर्ने धारणा राखेका छन् । यसैबीच, गृह मन्त्रालयको निर्देशनको प्रतीक्षामा रहेको प्रहरीको मौनताले यस प्रकरणलाई झन् रहस्यमय र पेचिलो बनाइदिएको छ ।

खगेन्द्र सुनारको विगतलाई हेर्दा उनीविरुद्ध यसअघि पनि अस्पताल तोडफोड, सार्वजनिक शान्तिविरुद्धको कसुर र विद्युतीय कारोबारसम्बन्धीलगायतका फौजदारी मुद्दाहरू अदालतमा विचाराधीन रहेको देखिन्छ । यस्ता पृष्ठभूमिले पनि जनप्रतिनिधिहरूको आचरण र नैतिकताप्रतिको प्रश्नलाई थप बल पुऱ्याएका छन् । त्यसैले, यो मामिलालाई सामान्य अफवाह वा राजनीतिक पूर्वाग्रहका रूपमामात्र हेर्नु उचित हुँदैन ।

एकातिर प्रविधि (एआई) को दुरूपयोग गरेर कसैको चरित्र हत्या गर्ने षड्यन्त्र भएको छ भने यो गम्भीर साइबर अपराध हो र सत्य बाहिर आउनुपर्छ । अर्कोतिर, यदि कुनै जनप्रतिनिधिले पदीय मर्यादाविपरीत महिलामाथि दुर्व्यवहार वा गालीगलौच गरेको प्रमाणित हुन्छ भने कानुनको कसी र राजनीतिक उत्तरदायित्वबाट उनी उम्कन मिल्दैन । जनताले विश्वास गरेर संसद्मा पठाएका प्रतिनिधिहरूमाथि लागेका यस्ता गम्भीर आरोपहरूको निष्पक्ष, पारदर्शी र तुरुन्त छानबिन हुनु अनिवार्य छ ।

राज्यका जिम्मेवार निकाय र प्रहरी प्रशासनले कुनै पनि दबाब वा प्रभावमा नपरी स्वतन्त्ररूपमा अनुसन्धान अघि बढाउनुपर्छ । दूधको दूध, पानीको पानी छुट्याउनेगरी सत्यतथ्य बाहिर ल्याइयोस्, ताकि दोषी भए कानुनी कठघरामा उभिनपर्ने छ र निर्दोष भए कसैको राजनीतिक वा व्यक्तिगत जीवनमाथि अन्यायपूर्ण प्रहार हुन नपाओस् ।

- **कविन्द्र राई**
मुलपानी, काठमाडौं

# छेपारे पहिरोको पीडा:
# ‘न बच्यो साहारा, न रह्यो बास’

■ सन्तोष गौतम

**छेपारे (म्याग्दी)**– म्याग्दीको बेनी नगरपालिका-३ छेपारेका १६ वर्षीय पुजन र १४ वर्षीय जीवन विश्वकर्माको आँखाबाट आँसु ओभाएका छैनन् । यही असोज ११ गते बिहान घरसँगै पहिरोमा पुरिएर बेपत्ता भएकी आमा कुमारी वली विश्वकर्माको सम्झनाले उनीहरूलाई दिनरात पिरोलिरहेको छ । आमाको शवसमेत फेला नपरेपछि २६ असोजमा कुशको शव बनाएर दाहसंस्कार गरियो । अहिले दुवै दाजुभाइ आमाको किरियामा छन् ।

परिवारको सुखद भविष्यको सपना बोकेर दुई वर्ष छ महिना प्रयासपछि दुई महिनाअघि मात्रै रोजगारीका लागि ग्रिस पुगेका कुमारीका श्रीमान् ओमबहादुर विकले पत्नीको अन्तिम अनुहारसमेत देख्न पाएनन् । दुई छोराले आमाको माया गुमाए । परिवारको सहारा बनेकी कुमारीको निधनले घरपरिवारलाई मात्रै होइन, सिंगो बस्तीलाई शोकमा डुबाएको छ ।

बेनीको कालीपुलस्थित बालमन्दिर माध्यमिक विद्यालयमा कक्षा १० मा अध्ययनरत पुजन र जीवनका लागि आमाको अभाव जीवनकै ठूलो पीडा बनेको छ । कलिलो उमेरमै आमाको काख गुमाएका उनीहरूको भविष्यमा परेको यो चोट शब्दमा व्यक्त गर्न कठिन छ ।

कुमारीका ससुरा जीतबहादुर र सासू जीतमायाले पहिरोले घरबाससँगै परिवारको सहारा पनि खोसेको बताइन् । ‘बुहारीसँगै घर र दुईवटा गोठ पहिरोले बगायो,’ आँसु झार्दै जीतबहादुर दम्पतीले भने, ‘घर धानेकी बुहारी रहिनन् । वर्षौंको मिहिनेत र पसिनाले बनाएको घरगोठ पनि रहेन ।’

असोज ८ गतेदेखि परेको अविरल वर्षापछि छेपारे बस्तीमाथिको पाखोबाट पहिरो खस्न थालेको थियो । बेनीमा बस्दै आएकी कुमारी १० गते साँझ छोराहरूसँग गाउँ पुगेकी थिइन् । भोलिपल्ट बिहान घरका सामान निकालेर सुरक्षित स्थानमा सार्ने क्रममा अचानक ठूलो पहिरो खस्यो । सामान जोगाउने प्रयासमा रहेकी कुमारी त्यसैमा पुरिइन् ।

‘सानो पहिरो खस्न थालेपछि अघिल्लो दिनदेखि नै सामान सारिरहेका थियौं,’ आफन्तसमेत रहेका छिमेकी जगबहादुर विकले भने, ‘१६ दिनसम्म भेटिन्छिन् कि भनेर दिनहुँजसो खोज्यौं । नभेटिएपछि धार्मिक विधिअनुसार कुशको शव बनाएर दाहसंस्कार गर्‍यौं ।’

पहिरोबाट भागेर कुमारीका दुवै छोरा र सासू जीतमायाले ज्यान जोगाइन् । कुमारीकी छिमेकी मनमाया घर्तीको घरगोठ पनि पहिरोले नामनिसान नरहनेगरी बगाएको छ । कुमारीकी दिदी मनिषा सुनारको घर आधा भत्किएको छ । घरमा बस्न सक्ने अवस्था छैन ।

‘घर नभए पनि पछि बनाउन सकिन्छ,’ मनिषाले भनिन्, ‘तर साहारा र साथ दिने बहिनी नै गुमाउनुपर्दा मन थाम्न सकेकी छैन ।’ श्रीमान् विदेशमा रहेकाले दुई भतिजको अभिभावकत्वसमेत आफैंले लिएर उनीहरूलाई पढाउने मनिषाको योजना छ ।

पहिरोका कारण जगबहादुर छन्त्याल र जीतबहादुर विकको परिवार पनि विस्थापित भएको छ । वडाध्यक्ष पदम पुनका अनुसार बस्तीमाथिको पाखोमा नयाँ पहिरो सिर्जना भएको छ । पहिरोबाट विस्थापित परिवारलाई हाल खाली घरमा राखिएको र पुनःस्थापना तथा पुनर्निर्माणका लागि राज्यको नीति र कार्यक्रमअनुसार सहजीकरण गरिने उनले बताए ।

पहिरोले घरगोठसँगै सडक, खेतीयोग्य जमिन, सुन्तला बगैंचा र खानेपानीका पाइपलाइनमासमेत क्षति पुर्‍याएको छ । स्थानीयबासिन्दा विनोद विश्वकर्माका अनुसार दीर्घकालीनरूपमा पहिरो नियन्त्रण गर्न नसके छेपारे बस्ती नै विस्थापित हुने जोखिम छ ।

‘सुन्तलाखेती विस्तार गरेर समृद्धितर्फ अघि बढिरहेको गाउँको यात्रामा पहिरो बाधक बनेको छ,’ उनले भने, ‘पहिरो नियन्त्रण र बस्ती संरक्षण गर्न नसके अहिले बसोबास गरिरहेका १०-१५ घरपरिवारले पनि गाउँ छाड्नुपर्ने अवस्था आउन सक्छ ।’

छेपारेमा पहिरोले भत्काएका घर फेरि बनाउन सकिएला, पुरिएको जमिन पनि कुनै दिन फर्किएला । तर, आमाको काख गुमाएका पुजन र जीवनले गुमाएको माया र परिवारले गुमाएको सदस्यको रिक्तता कसरी पूर्ति होला ? गाउँलेका मनमा यही प्रश्नसँगै पहिरोको त्रास र पुनःस्थापनाको चिन्ता बाँकी छ । *रासस*

## उपभोक्ता हितविपरीत काम गर्ने पाँच व्यवसायीलाई पाँच लाख १५ हजार जरिवाना

**भद्रपुर (झापा)**– यहाँ उपभोक्ता हितविपरीत कार्य गर्ने पाँच व्यवसायीलाई पाँच लाख १५ हजार रूपैयाँ जरिवाना गरिएको छ । जिल्ला प्रशासन कार्यालयले भदौ २० देखि असोज २८ गतेसम्म गरेको आकस्मिक बजार निरीक्षण तथा अनुगमनका क्रममा म्याद गुज्रिएका र अखाद्य वस्तु बिक्री गर्ने तथा अस्वाभाविक मूल्य लिने व्यवसायीमाथि कारबाही गरेको हो ।

प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले बजारमा उपभोक्ताको हितविपरीत हुने गतिविधि नियन्त्रण गर्न अनुगमनलाई निरन्तरता दिइएको बताए । उनले भने, ‘बजारमा उपभोक्ताको हितविपरीत हुने गतिविधि नियन्त्रण गर्न अनुगमनलाई निरन्तरता दिएका छौं । म्याद गुज्रिएका र अखाद्य वस्तु बिक्री गर्ने तथा चाडबाडको मौका छोपी अस्वाभाविक मूल्य लिने व्यवसायीलाई कारबाही गर्छौं। उपभोक्ताको स्वास्थ्य र हित संरक्षणका लागि व्यवसायी तथा सरोकारवाला सबै जिम्मेवार हुन आवश्यक छ।’ प्रजिअ पोखरेलका अनुसार, उक्त अवधिमा जिल्लाका १३४ फर्म तथा व्यवसायको आकस्मिक निरीक्षण तथा अनुगमन गरिएको थियो । अनुगमनका क्रममा दुई लाख ४० हजार रूपैयाँबराबरका म्याद गुज्रिएका तथा अखाद्य सामग्री नष्ट गरिएको छ भने एक व्यवसायीलाई सचेत गराइएको छ । म्याद गुज्रिएको गाईको दाना बिक्री वितरण गर्ने दास किराना पसल र फेन्सिङ वायर अस्वाभाविक मूल्यमा बिक्री गर्ने शिवम् ट्रेड एण्ड सप्लायर्सलाई जनही दुई लाख रूपैयाँ जरिवाना गरिएको छ ।

त्यसैगरी, अखाद्य अमिलो पदार्थ बिक्री वितरण गर्ने श्रीराम अमिलो भण्डार र आवश्यक इजाजतविना विदेशी प्याकेजिङ प्रयोग गरी आइसक्रिम बिक्री गर्ने कमल आइस उद्योगलाई जनही ५० हजार रूपैयाँ तथा ओमशान्ति मिष्ठान्न भण्डारलाई १५ हजार रूपैयाँ जरिवाना गरिएको छ । दमक-१ स्थित मुना स्टोर्सलाई भने सचेत गराइएको छ । जिल्ला प्रशासन कार्यालयले उपभोक्ताको स्वास्थ्य र हित संरक्षणका लागि आकस्मिक बजार निरीक्षण तथा अनुगमनलाई निरन्तरता दिने जनाएको छ । *रासस*


### कुवेतमा रोजगार

कम्पनी : EM SHARIF DELI RESTAURANT & CAFE — शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८३/०६/२८ — चलानी नं.: ६०२६२३६२ — LT.No.: 346913

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Steward | 6 | 0 | 100 | ४८,८४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Assistant Bakers | 3 | 0 | 130 | ६३,५०१ | | | | | | | |
| 3 | Pastry Cook | 4 | 0 | 150 | ७३,२७१ | | | | | | | |
| 4 | Runners | 6 | 0 | 120 | ५८,६१७ | | | | | | | |
| 5 | Commis | 5 | 0 | 130 | ६३,५०१ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ कार्तिक ५ गते (22nd Oct. 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्न होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1746 /081/82
**MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.**
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com



### कतारमा रोजगार

कम्पनी : GULFSERV
पूर्व स्वीकृति मिति : २०८३/०६/२८ — LT. No. 349366 — चलानी नं.६०२६२३८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Public | 8 | 7 | 1000 | ४१,७८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ELEMENT CITY CENTER DOHA HOTEL
पूर्व स्वीकृति मिति : २०८३/०६/२८ — LT. No. 349299 — चलानी नं.६०२६२३८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner/Janitress | 5 | 5 | 1200 | ५०,१४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ कार्तिक ५ गते (22nd Oct. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १६६९/०८०/०८१
**ASLIYA MANPOWER SUPPLY PVT. LTD.**
Kathmandu Metropolitan City-9, Gairigaun, Bagmati Province, Phone No. 9843148012, 9707934456, 976-1815400



### कुवेत/युएइमा रोजगार

कम्पनी : SILVER GULF GROUP FOR RESTAURANT MANAGEMENT CO.
पूर्व स्वीकृति मिति : २०८३/०६/२७ — LT. No. 349209 — चलानी नं. ६०२६२३४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor (Indoor) | 20 | 0 | 90 | ४३,९३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Food Server | 0 | 9 | 120 | ५०,०७२ | | | | | | | |

कम्पनी : JADEED WAQAR YOUNAS TECHNICAL SERVICES L.L.C
पूर्व स्वीकृति मिति : २०८३/०६/२७ — LT. No. 349385 — चलानी नं. ६०२६२३४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners (Male) | 8 | 0 | 1000 | ४१,४१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Tile Layer | 2 | 0 | 1500 | ६२,११८ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ कात्तिक ५ गते (22th Oct. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957, 9818241281 Ananda Budhathoki
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम ईजाजत नं. १४२३/०७४/७५



### सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १३ अंक १७४ असोज २८ गते २०८३ मा प्रकाशित **B.S. Overseas Pvt. Ltd LT No. 349268** को **Delta Force Security Services & Consultancy SDN BHD** कम्पनीको **मलेसिया देश** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

**बि.एस. ओभरसिज प्रा.लि.**
Email: info@bsoverseasnepal.com, bsoverseasnepal1@gmail.com.np
Website:www.bsoverseasnepal.com.np
Contact No:01-4963358,4987402,4964410
ISO 9001:2015



### सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १३ अंक १७४ असोज २८ गते २०८३ मा प्रकाशित **CHADANI RECRUITMENT SERVICE CENTER** म्यानपावर कम्पनीको **LT No. 344904** को सूचना भुलबस दुईवटा प्रकाशित हुन गएको उक्त सूचना **HAYAN PRINTS SDN BHD** कम्पनीको **Factory Production Workers** को सङ्ख्या १ हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएका जानकारी गराइन्छ ।

**CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD**
1610/079/80
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698, Manohari Adhikari 9851327379
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयको मिति २०७५/०४/०३ मा दर्ता भएको **प्रा. लि. नं. १९३३७३** को **फिटफोर्स स्पोर्टसवेयर प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०३/१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


### मोटरसाइकल हरायो

मिति २०८३/०६/२७ गते बेलुका २० :०९ बजेको समयमा ठिमी नपा-०१, लोकन्थली भक्तपुरबाट एनएस २०० सिसि कालो/रातो रंगको मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीः अफजाल अहमद खाँ**
**बाइक नं. :बा.प्र.०२-०७० प ६९४१**
**च्यासिस नं.:** MD2AI3EX6TCBCB86572
**इन्जिन नं.:** DKXCTB202245
**ठेगानाः** ठिमी नपा-०१, लोकन्थली, भक्तपुर
**सम्पर्क नं.: ९८२१९०९२८६**



### बिमालेख हरायो

मिति २०८३/०६/०२ गते काठमाडौंस्थित काभ्रेस्थी जानेक्रममा मेरो निम्न व्यहोरा भएको सक्कली बीमा अभिलेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : बालराम फुयाल**
**बिमालेख नं. : १००११२९०४**
**बीमा कम्पनी : एल आई सी (नेपाल) लि. काठमाडौं**
**ठेगाना : काभ्रेस्थी -०३, काठमाडौं**
**सम्पर्क नं. : ९८५१०४९९२१**


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयको मिति २०७५/११/१० मा दर्ता भएको **प्रा. लि. नं. २०९२५६** को **क्वान्टम इन्जिनियरिङ्ग कन्सल्टेन्सी एण्ड इन्भारोमेन्टल सर्भिसेस प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०६/१४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


### मलेसिया/युएइमा रोजगार

कम्पनी : PERKASAFORCE SDN. BHD.
पूर्व स्वीकृति मिति : २०८२/०७/२० — पूर्व स्वीकृति मिति : २०८३/०६/२८ — LT. No. 332571 — चलानी नं. ६०२४७०३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 33 | 0 | 1700 | ६३,२८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ALMUTHALATH ALSHARQI SECURITY GUARD SERVICES - SOLE PROPRIETORSHIP L.L.C.
पूर्व स्वीकृति मिति : २०८३/०६/१४ — LT. No. 349190 — चलानी नं. ६०२६२३५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 100 | 0 | 2000 | ८२,८२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : MUZAMMIL KHADIM TECHNICAL SERVICES
पूर्व स्वीकृति मिति : २०८३/०६/१४ — LT. No. 349531 — चलानी नं. ६०२६२३५७

